# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : २ कागबेनी, मुस्ताङ, संख्या :२ मिति : २०७८ साल आषाढ १५**

### भाग-१

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विनियोजन ऐन

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम मुक्तिक्षेत्र गाउँसभाले यो ऐन बनाएको छ।

१. सक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विनियोजन ऐन २०७८ रहेको छ।

(२) यो ऐन मिति २०७८/०४/०१ गते देखि प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७८/७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७८/७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च पुँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २९९१२५०००/- ( उनान्तिस करोड एकानब्बे लाख पच्चिस हजार ) मा नबढाई निर्दिष्ट गरीए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७८/७९ को निमित्त वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तिय व्यवस्थापन तर्फ विनियोजन रकम सावाँ भुक्तानि खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजन रकम व्याज भुक्तानी खर्च शिर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

अनुसूचि १

दफा (२) सँग सम्बन्धीत

नेपालको संविधानको धारा २२९ उपधारा २ वमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

| १ | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च पुँजिगत खर्च र वित्तिय व्यवस्था समेत गरी जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | | वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको, वडा समिति र विषयगत शाखाको चालु तथा पुँजिगत खर्च | रु. २९९१२५०००/- (उनान्तिस करोड एकानब्बे लाख पच्चिस हजार मात्र) | संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण शसर्त अनुदान तथा आयोजना तोकेर प्राप्त रकम समेत समाबेश गरिएको |

आज्ञाले

ज्ञानेन्द्र शर्मा

प्रमुख प्रशासकीय अधिकृत